आज मिति २०७९।०८।१४ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री मुकुन्द राज पौडेल | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

| | | |
|---|---|---|
| अन्य उपस्थिति | | |
| श्री बिदुर सिग्देल | अधिकृत छैठौ | |
| श्री नोल बहादुर थापा | सहायक पाचौं(ना.सु ) | |
| श्री लाल चन गैहे | लेखापाल | Gaihr |

श्री परशुराम सिग्देल स्वकीय सचिव

<u>प्रस्तावहरु</u>

१.गत बैठकको समिक्षा सम्बन्धमा ।

२.हरिनास गाउँपालिकाको सगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।

३. हरिनास गाउँपालिकाको सार्वजनिक खरिद नियामावली २०७९ सम्बन्धमा ।

४.योजनाको कार्यन्वयन सम्बन्धमा ।

५.स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०७९ ।

६. हरिनास गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ ।

७.हरिनास गाउँपालिकामा आ.व.२०७९/८० मा संचालन हुने कृषि तथा पशु सम्वन्धि प्रस्तावित कार्यक्रम सम्बन्धमा ।

८.पकेट विकास कार्यक्रम सम्बन्धमा ।

९.किसान सूचीकरण सम्बन्धमा ।

१०.कृषि स्नातक करार सम्बन्धमा ।

११.बिबिध सम्बन्धमा ।

क.गत बिगत समयमा सुरक्षित आप्रवासन परियोजना(SAMI)कार्यक्रम कार्यन्वयनको प्रयोजनको लागि कर्मचारी करार बिज्ञापन कार्यन्वयन सम्बन्धमा

ख.सहायक कम्प्युटर अपरेटर बिज्ञापन रद्द सम्बन्धमा ।

ग.सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका दिवस डिसेम्वर ४ मनाउने सम्बन्धमा ।

घ.करार कर्मचारीको लागि आव २०७९/८० को स्केल बमोजिमको तलव भत्ता सम्बन्धमा ।

ङ. .अध्यान अवलोकन भ्रमण कार्यक्रम सम्बन्धमा ।

<u>निर्णयहरु</u>

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा गत कार्यापलिका बैठकमा भएका निर्णयहरुको समिक्षात्मक गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा स्कोलर नेपाल र हरिनास गाउँपालिका बीच यस गाउँपालिकाको सगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि समझदारी भइ कार्यन्वयन मा अगाडी बढेकोमा सो संथा बाट कार्य सम्पन्न गरि प्रतिवेदन पेश हुन आएकोहुदा उक्त प्रतिवेदनलाईअर्को बैठकमा थप छलफल गरि निर्णय गर्ने निर्णय गरियो|

निर्णय नं.३ प्रस्ताव नं.३ माथी छलफल गर्दा हरिनास गाउँपालिकाको सार्वजनिक खरिद नियामावली २०७९ को मस्यौदा उपर छलफल गरि अर्को बैठकमा निर्णय गरे निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं ४ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकाको आव.२०७९/८० मा कार्यन्वयन हुने योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्न वडा स्तरमा टोलि परिचालन गरि सहजीकरण गर्ने र आगामी हप्ता देखी वडा नं.७ बाट शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५माथी छलफल गर्दा गण्डकी प्रदेश सरकार बाट २०७९ मा स्थानीय तहको सेवा गठन तथा संचालन अध्यादेश २०७९मा व्यवस्था भए बमोजिम बढुवा/तह बृदिको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथी छलफल गर्दा हरिनास गाउँपालिकाको कार्य संचालन निर्देशिका २०७९ माथी छलफल गरि थप निर्णय अर्को बैठक बाट गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथी छलफल गर्दा हरिनास गाउँपालिका अन्तर्गत कृषि तथा पशु क्षेत्रमा विनियोजित बजेट बाट रु ५०००००| पाँच लाख सम्मको पशु पन्छीको को लागि औषधी तथा कृषि सामाग्री खरिद गरि वडाका वडामा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथी छलफल गर्दा कृषि तथा पशु पन्छी कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हरिनास गाउँपालिकाको लागि प्राप्त कार्यक्रम गत विगतमा संचालन भइ आएकोपकेट विकास कार्यक्रम विगतकालाई सोहि लाई निरन्तरता दिने र थप नयाँ क्षेत्रको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं९ प्रस्ताव नं.९ माथी छलफल गर्दा संघीय सरकार बाट किसान सूचीकरण कार्यक्रमको लागि बजेट तथा कार्यक्रम प्राप्त भएकोमा सो बाट हरिनास गाउँपालिका ४ नं. वडा बाट सो कार्यक्रमको सुरुवात गर्ने गरि निर्णय गरियो ।

निर्णय नं१० प्रस्ताव नं.१०माथी छलफल गर्दा संघिय सरकारबाट यस गाउँपालिकाको लागि कृषि स्नातक करारको लागि बजेट प्राप्त भएकोमा सो कार्यक्रमबाट करार विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं११. प्रस्ताव नं. ११. माथी छलफल गर्दा यही मंसिर १९ गते २०७९ डिसेम्वर ५ का दिनमा १९ औ राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेविका दिवस गाउँपालिकामा आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं१२. प्रस्ताव नं. १२ माथी छलफल गर्दा सुरक्षित अप्रवासन परियोजना अन्तर्गत कार्यक्रम कार्यन्वयन को लागि गरिएको विज्ञापन प्रक्रियालाई अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं१३. प्रस्ताव नं. १३ माथी छलफल गर्दा मिति २०७९/५/....गते यस पालिकाको लागि सहायक कम्प्युटर अपरेटर सहायक चौथोको लागि विज्ञापन गरिएकोमा गाउँपालिकाको दरवन्दी तेरिजमा सो पद उल्लेख नभएको हुदा सो विज्ञापनलाई रद्द गर्ने निर्णय गरियो ।

निर्णय नं१४. प्रस्ताव नं. १४ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गत विगतमा संघीय मामिला तथा सामान्य प्रशासनबाट यस पालिकाबाट कामकाजको लागि काज सरुवा भइ जानु भएका लगाएत पालिकाको रिक्त रहेका निम्न पदहरु करार पदपूर्ति को माध्यम बाट गर्ने निर्णय गरियो ।

तपशिल

| क्रस | पद | सेवा समुह | विज्ञापन गर्नुपर्ने संख्या | कै. |
|---|---|---|---|---|
| १ | इन्जिनियर ६ औ तह | स्थानीयइन्जिनियरिङ सेवा | १ | |
| २ | सव इन्जिनियर पाचौ तह | स्थानीयइन्जिनियरिङ सेवा | १ | |
| ३ | कम्प्युटर अपरेटर सहायक पाचौ तह | स्थानीय प्रसाशन सेवा | १ | |
| ४ | अधिकृत ६ औ तह | स्थानीय कृषि/पशु सेवा | १ | |
| ५ | अ.स.ई सहायक चौथो | स्थानीयइन्जिनियरिङ सेवा | ३ | |
| ६ | अनमी सहायक चौथो | स्थानीय स्वास्थ्य सेवा | १ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | उधम बिकास सहजकर्ता सहायक चौथोतह | उधम बिकास कार्यक्रम करार | १ | |
| ८ | खापासाटे सहायक चौथो | स्थानीयइन्जिनियरिङ्ग सेवा | १ | |

निर्णय नं१५. प्रस्ताव नं. १५ प्रस्ताव नं १५ माथी छलफल गर्दा यस गाउँ पालिकाको चालु आव २०७९/८० मा अध्यान अवलोकन शीर्षकमा बजेट बिनियोजन भएकोमा सोहि शीर्षकबाट मिति २०७९/०९/1 गते १ हप्ताको लागि श्रीमान् अध्यक्ष ज्यु,उपाध्यक्ष ज्यु, प्र.प्र.अ. ज्यु ,कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यु, तथा कर्मचारी सहितको टोलि मुगु जिल्लालाई मुख्य क्षेत्र बनाइ अध्यान अवलोकन भ्रमण जाने निर्णय गरियो ।